कर्जा सूचना केन्द्र लिमिटेडको
नवौं वार्षिक साधारण सभाको
अभिलेख (माईन्यूट)

१. वैधानिक सभा :

कर्जा सूचना केन्द्र लिमिटेड सञ्चालक समितिको २०७० मंसिर २३ गते बसेको ७६औं बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा केन्द्रको प्रबन्धपत्र र नियमावली बमोजिम केन्द्रको नवौं वार्षिक साधारण सभा केन्द्रको संचालक समितिका अध्यक्ष श्री तेज बहादुर बुढाथोकीज्यूको सभापतित्वमा होटेल डेल अन्नपुर्ण, दरबारमार्ग काठमाण्डौंमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. सभाको स्थान, मिति र समय :

मिति : २०७० साल पौष २६ गते शुक्रवार (१०, जनवरी २०१४) ।
समय : बिहान ११ :३० बजे प्रारम्भ भई १२:३० सम्पन्न भयो ।
स्थान : होटेल डेल अन्नपुर्ण, दरबारमार्ग, काठमाण्डौं ।

३. सभाको सूचना :

यस नवौं वार्षिक साधारण सभाको सूचना २०७० साल पौष ३ गते र पौष १४ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको तथा साधारण सभाको सूचना सहितको बार्षिक प्रतिवेदन केन्द्रका शेयरधनी महानुभावहरुको ठेगानामा प्रेषित गरिएको कुरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. छलफलको बिषयहरु :

(क) सामान्य प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट प्रेषित अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल र पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/०७० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. आ.व. २०७०/०७१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षण समितिबाट एम.बि.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्तिका लागि सिफारीस भएको छ)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम मिति २०७० आषाढ मसान्तको चुक्ता पुजींको १५ प्रतिशत नगद लाभांश विवरण गर्न स्वीकृत गर्ने ।

५. उपस्थिति :

१.संचालक समितिका सदस्यहरु :

(१) अध्यक्ष, श्री तेज बहादुर बुढाथोकी - अध्यक्ष
(२) सदस्य, श्री पुर्ण बहादुर खत्री - संचालक
(३) सदस्य, श्री ज्योति प्रकास पाण्डे - संचालक
(४) सदस्य, श्री तुलसी राम गौतम - संचालक
(५) सदस्य, श्री भुषण राणा - संचालक
(६) सदस्य, श्री राजेन्द्र मान शाक्य - संचालक

२.शेयरधनीहरु :

(१) शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वंयम उपस्थित : ३५ जना
(२) प्रोक्सी मार्फत उपस्थित : ० (शुन्य)

३.पदाधिकारीहरु :

(१) श्री अनिल चन्द्र अधिकारी - कार्यकारी प्रमुख
(२) श्री ज्ञानेन्द्र बहादुर भारी - आन्तरीक लेखापरीक्षक

६. गणपूरक संख्या :

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

विवरण	उपस्थिति		शेयर संख्याको प्रतिनिधित्व प्रतिशत
	कुल संख्या	शेयरधनी संस्थाका प्रतिनिधि	
शेयरधनीहरु	६७	३५ जना	५२.२४
शेयर संख्या	१०,३४,०८०	८३०,१७३	८०.२८

७ सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), केन्द्रको नियमावलीको नियम १० अनुसार बोलाईएको यस नवौ वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, केन्द्रको नियमावलीको नियम ११ बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये सात जना शेयरधनी स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित भएमा साधारण सभाको कामकारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी र कूल शेयरधनीमध्ये ३५ जनाको उपस्थिति भएकोले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभाको पूर्ण बैधानिकता पुगेको व्यहोरा कम्पनी सचिवबाट जानकारी गराउनु भयो ।

८. सभाको सभापतित्व र सभा सञ्चालन :

सभाको बैधानिकताको एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र केन्द्रको नियमावलीको दफा ११ अनुसार केन्द्रको नवौ वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष श्री तेज बहादुर बुढाथोकीज्यूले गर्नुभयो । सभापतिको अनुमतिले कम्पनी सचिवबाट सभाको काम कार्यवाही अगाडी बढाउनु भयो ।

९. स्वागत मन्तव्य :

केन्द्रका कार्यकारी प्रमुख श्री अनिल चन्द्र अधिकारीबाट सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो मन्तब्य सभा समक्ष राख्नु भयो ।

१०.बार्षिक प्रतिवेदन प्रस्तुत

१. सभाका सभापति श्री तेज बहादुर बुढाथोकीज्यूले संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०६९/७० को लागि संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

२ संचालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात सभापति महोदयज्युले २०६९ श्रावण १ गते देखि २०७० आषाढ ३१ सम्मको वासलात,नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विबरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

११. सभाको निर्णयहरु :

१२ (क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट पेश गरेको आ.व.२०६९/०७० (२०६९ श्रावण १ गते देखि २०७० आषाढ मसान्तसम्म) को वार्षिक प्रतिवेदन पारित गरियोस भनि सभाका सभापति महोदयले राख्नु भएको प्रस्ताव माथी छलफलभई सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०६९/०७० (२०६९ श्रावण १ गते देखि २०७० आषाढ मसान्तसम्म) को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात एवं नाफा नोक्सान हिसाव पारित गरियोस भनि सभाका सभापतिज्यूले सभामा राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. आ.व.२०७०/०७१ को लागि बाह्य लेखापरीक्षकमा एम.बि.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गरियोस भनी सभाका सभापतिमहोदयले राख्नुभएको प्रस्ताव उपर छलफल गरि निजलाई नै Tax Audit सहित रु.९६,८०५/- (रुपियाँ छयानब्बे हजार आठ सय पाँच मात्र मु.अ.कर समेत) पारिश्रमिक दिने गरि लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०७०आषाढ मसान्त सम्मको चुक्तापुजीको १५ (पन्ध्र) प्रतिशत नगद लाभांश बितरण गर्ने सम्वन्धी प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

१३. धन्यबाद ज्ञापन : सदस्य श्री राजेन्द्र मान शाक्यबाट

केन्द्रलाई यस स्थान सम्म पुऱ्याउन महत्वपूण योगदान दिने केन्द्रका सम्पूर्ण शेयरधनि महानुभावहरु, लेखापरिक्षक, ब्यबस्थापक, केन्द्रका कर्मचारी तथा सम्बन्धित सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

१४. सभा विसर्जन :

अन्तमा सभाका सभापति श्री तेज बहादुर बुढाथोकीज्यूले छलफल गर्नुपर्ने बिषय बाँकी नभएकोले उपस्थित सम्पुर्ण शेयरधनी, केन्द्रका कर्मचारीहरु एंव हल उपलब्ध गराउने होटेल डेल अन्नपुर्ण प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै नवौ वार्षिक सधारण सभाको कार्यक्रम मध्यान्ह १२.३० बजे बिसर्जन भएको घोषणा गर्नु भयो ।

.....
श्री अनिल चन्द्र अधिकारी
(कार्यकारी प्रमुख/कम्पनी सचिव)

.....
श्री तेज बहादुर बुढाथोकी
(अध्यक्ष)